**श्री**

नेपालको संविधानको धारा २१५ को उपधारा (२) मा व्यवस्था भए बमोजिम तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिकाको बैठक गाउँ कार्यपालिका अध्यक्ष श्री कर्ण बहादुर मगरज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको पदाधिकारीहरुको उपस्थितिमा बसी निर्धारित प्रस्तावहरु उपर आवश्यक छलफल गर्दै तपसिल बमोजिमका निर्णयहरु पारित गरियो।

बैठक सञ्चालन स्थानः तीनपाटन गाउँ कार्यपालिकाको कार्यालयको सभाहल।

बैठक सञ्चालन मितिः २०८२/०३/०९ गते।

बैठक बसेको समयः अपराह्न १:०० बजे।

**उपस्थिति**

| क्र.सं. | पदाधिकारीको नाम, थर | पदाधिकारीको दर्जा | उपस्थिति |
|---|---|---|---|
| १. | श्री कर्णबहादुर मगर | गाउँ कार्यपालिका अध्यक्ष | |
| २. | श्री धनबहादुर पुलामी अशोक | गाउँ कार्यपालिका उपाध्यक्ष | |
| ३. | श्री गोविन्दबहादुर राउत | वडा अध्यक्ष, १ नं. वडा | |
| ४. | श्री मुकुन्दप्रसाद पौडेल | वडा अध्यक्ष, २ नं. वडा | |
| ५. | श्री लालबहादुर स्याङ्तान | वडा अध्यक्ष, ३ नं. वडा | |
| ६. | श्री खड्गबहादुर भुजेल | वडा अध्यक्ष, ४ नं. वडा | |
| ७. | श्री भुपालसिंह तामाङ | वडा अध्यक्ष, ५ नं. वडा | |
| ८. | श्री वीरबहादुर पुलामी | वडा अध्यक्ष, ६ नं. वडा | |
| ९. | श्री युवराज पहाडी | वडा अध्यक्ष, ७ नं. वडा | |
| १०. | श्री कृष्णप्रसाद गौतम | वडा अध्यक्ष, ८ नं. वडा | |
| ११. | श्री मोहनबहादुर गौतम | वडा अध्यक्ष, ९ नं. वडा | |
| १२. | श्री पुण्यहरी भुजेल | वडा अध्यक्ष, १० नं. वडा | |
| १३. | श्री तिलकबहादुर बस्नेत क्षेत्री | वडा अध्यक्ष, ११ नं. वडा | |
| १४. | श्री तारामाया श्रेष्ठ | गाउँ कार्यपालिका सदस्य | |
| १५. | श्री गंगामाया तामाङ | गाउँ कार्यपालिका सदस्य | |
| १६. | श्री सिम कुमारी आले | गाउँ कार्यपालिका सदस्य | |
| १७. | श्री युवमाया मस्राङ्गी | गाउँ कार्यपालिका सदस्य | |
| १८. | श्री कमलबहादुर दमै | गाउँ कार्यपालिका सदस्य | |
| १९. | श्री लोकबहादुर विक | गाउँ कार्यपालिका सदस्य | |
| श्री टंकबहादुर नेगी, प्रमुख प्रशासकीय अधिकृत | | सचिव, गाउँ कार्यपालिका | |

श्री जीतेन्द्र गिरी, अधिकृत आठौं (प्रशासन शाखा)

श्री चन्द्रिका थापा, कार्यालय सहयोगी



Scanned with CamScanner

मिति २०८२/०३/०९ गते बसेको तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिका बैठकको उपस्थिति, प्रस्ताव र निर्णय

| प्रस्ताव नं. | प्रस्तावको विषय | सम्बन्धित शाखा/वडा/ विषयगत समिति |
|---|---|---|
| १. | अघिल्लो कार्यपालिका बैठकको निर्णय समीक्षा सम्बन्धमा | प्रशासन शाखा |
| २. | गाउँसभाको १६ औं अधिवेशन (बजेट अधिवेशन) बैठकमा तीनपाटन गाउँपालिकाको आ.व. २०८२।०८३ को नीति, कार्यक्रम र बजेट पेश सम्बन्धमा | |
| ३. | विषयगत समितिहरुबाट भएका निर्णयहरुको अनुमोदन गर्ने सम्बन्धमा। | प्रशासन शाखा |
| ४. | पोषणमैत्री वडा घोषणा गर्ने | सामाजिक विकास शाखा |
| ५. | लाम्पनटार र बेलघारी प्राथमिक स्वास्थ्य केन्द्रमा IPD सेवा सञ्चालन गर्ने र ग्रामीण आँखा केन्द्र लाम्पनटारलाई प्राथमिक स्वास्थ्य केन्द्र, लाम्पनटारमा रहने गरी हस्तान्तरण गर्ने सम्बन्धमा | स्वास्थ्य शाखा |
| ६. | विपद व्यवस्थापन रणनीतिक कार्ययोजना नवीकरण गर्ने | योजना शाखा |

निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा यसअघि मिति २०८२/०२/०३ गते बसेको गाउँ कार्यपालिका बैठकका निर्णयहरु समीक्षा गरियो।

निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस तीनपाटन गाउँपालिका गाउँसभाको १६ औं अधिवेशन (बजेट अधिवेशन) मा विभिन्न समितिहरुबाट सिफारिस भएका आ.व. २०८२।०८३ को तपसिलका विधेयकहरु गाउँसभाको बैठकमा पेश गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

<u>प्रस्तावहरु:</u>

१. आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रम र बजेट पेश
२. आर्थिक विधेयक, २०८२ पेश
३. विनियोजन विधेयक, २०८२ पेश

निर्णय नं. ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस गाउँपालिकाको तपसिलका विषयगत समितिहरुको बैठकबाट पारित भएका निर्णयहरु अनुमोदन गर्ने र लेखा समितिको बैठकको निर्णय गाउँ सभाको १६ औं अधिवेशन बैठकमा पेश गर्ने सर्वसम्मत निर्णय गरियो।

<u>तपसिल:</u>

क. लेखा समिति (गाउँसभाबाट गठित)
ख. विपद व्यवस्थापन समिति (कार्यपालिकाबाट गठित)



Scanned with CamScanner

ग. आर्थिक विकास समिति (कार्यपालिकाबाट गठित)
घ. गाउँ शिक्षा समिति (कार्यपालिकाबाट गठित)
ङ. प्रधानमन्त्री रोजगार कार्यक्रम निर्देशक समिति (सङ्घीय कानूनबमोजिम गठित)

**निर्णय नं. ४**
**प्रस्ताव** नं. ४ माथि छलफल गर्दा यस गाउँपालिकाको वडा नं. १० ले पोषण मैत्री स्थानीय शासनको सम्पूर्ण सूचकहरु पुरा गरेकोले आवश्यक प्रकृया समेत पुरा गरेकोले १० नं. वडालाई पोषण मैत्री वडा घोषण गर्ने सर्वसम्मत निर्णय गरियो। साथै उक्त घोषणा कार्यक्रममा लागेको खर्च गाउँपालिकाको विविध वा चालु बजेट शीर्षकबाट दायित्व हुने गरी अधिकतम रु. २ लाखसम्म दिने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ५**
**प्रस्ताव** नं. ५ माथि छलफल गर्दा वडा नं. ११ र १ मा रहेको प्राथमिक स्वास्थ्य केन्द्रहरुमा हाल सञ्चालित ओ.पि.डि. सेवालाई आइ.पि.डि सेवामा रुपान्तरण गर्न बागमती प्रदेश सरकारलाई अनुरोध गर्ने साथै हाल सञ्चालनमा रहेको ग्रामीण आँखा केन्द्रलाई कार्यविधि बमोजिम हुने गरी प्राथमिक स्वास्थ्य केन्द्र, लाम्पनटार अन्तर्गत सञ्चालन हुने गरी हस्तान्तरण गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ६**
**प्रस्ताव** नं. ६ माथि छलफल गर्दा तीनपाटन गाउँपालिकाले निर्माण गरेको विपद व्यवस्थापन रणनीतिक कार्ययोजना, २०७५ लाई आवश्यक संशोधन सहित नवीकरण गर्ने सर्वसम्मत निर्णय गरियो।

*उल्लिखित प्रस्ताव उपर सर्वसहमत निर्णय गरी आजको बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो।*



Scanned with CamScanner